प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी, कैलाली

विषयः सानाडेरी यन्त्र सम्वन्धि यान्त्रीकरण अनुदानका लागि आवेदन पेश गर्ने सम्वन्धि सूचना

**प्रथम पटक प्रकासित मिति २०७७/११/१९**

यस मन्त्रालयको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा साना डेरी यन्त्र सम्वन्धि यान्त्रीकरण सहयोग कार्यक्रम अन्तर्गत साना डेरी सम्वन्धि यन्त्र ,औजार उपकरणहरु अनुदानमा वितरण गर्ने कार्यका लागि स्विकृत कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६ को दफा ३ (२) अनुसार गठित कार्यक्रम कार्यान्वयन तथा मुल्याङ्कन समितिको निर्णय अनुसार यस मन्त्रालयको प्रयोजनका लागि छनौट भएका तपसिल अनुसारका साना डेरी यन्त्र सम्वन्धि यन्त्र, औजारहरु यस मन्त्रालयवाट छनौट भएका आपुर्तिकर्तावाट अनुदान लिनका लागि कार्यविधिको अनुसुचि-१ (ख) व्यक्तिगत कृषक,कृषक समुह, र उपभोक्ता समुहका लागि र (ग)कृषि सहकारी / कृषि फर्म वा कम्पनी र कृषि उद्यमीका लागि आवश्यक पर्ने सम्पुर्ण कागजातहरु उपभोक्ता आफैले प्रमाणित गरी कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, प्रथम संशोधन २०७७ को अनुसुचि -४ अनुसारको निवेदन र प्रारम्भिक छनौटको फारम भरी सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुमा सुचना प्रकासित भएको मितिले २१ दिन भित्र अर्थात मिति२०७७/१२/१०गते भित्र कार्यालय समयमा निम्न अनुसारका सर्तहरु पालना गर्ने गरी र स्पष्ट रुपमा खुल्ने गरी पुर्ण विवरण भरिएको अनुसुची - ४ अनुसार आवेदन भर्दा समाग्रीको मुल्य अनुदान माग गरेको रकम र यस मन्त्रालयले आपुर्तिकर्ता छनौट गरिसकेपछि कायम गरेको अनुदान रकम फरक परेमायन्त्र, औजारर उपकरण उपलव्धका लागि सिफारिस गर्दा मन्त्रालयले कायम गरेको अनुदान रकम अनुसार परिमार्जन गरिने छ ।

**समाग्रीको विवरणः**

१. Chilling Vat 500 lit.२. Chilling Vat 1000 lit.३. Chilling Vat 3000 lit ४.Stainless steelMilk Can 20 lit.५. Stainless steelMilk Can 40 lit.६.Stainless Refrigerated Disply Counter.

२. आवश्यक सर्तहरुः

१. कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि २०७६ को अनुसुची - १ मा उल्लेख भएका कागजातहरु अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

२. आवेदन दिने उपभोक्ताहरु पशुपालन, डेरीसम्वन्धि पेशा, व्यावसायमा संलग्न भएको हुनुपर्ने ।

३. अपुर्ण तथा अस्पष्ट रुपमा भरिएको आवेदन दर्ता हुने छैन । भुलवस दर्ता भएपनि छनौट पक्रियामा समावेश गरिने छैन ।

४. सानाडेरी सम्वन्धि यन्त्र, औजार उपकरण खरिद गर्दा यस मन्त्रालयवाट छनौट भएका आपुर्तिकर्ताहरुवाट मात्रै खरिद गर्नुपर्नेछ ।

५. साना डेरी यन्त्रउपकरणहरुको जम्मा मुल्यमा मन्त्रालयले तोकेको अनुदान मुल्य वाहेको बाँकी रकम उपभोक्ताहरुले व्यहोर्नु पर्ने छ ।

६. अनुदानमा उपलव्ध गराईएका सानाडेरी यन्त्र र उपकरणहरु डेरी तथा डेरीजन्य सम्वन्धि कार्यमा मात्र प्रयोग गर्नुका साथै उक्त यन्त्र उपकरणहरु अरुलाई विक्रि वितरण गर्न पाइने छैन ।

७. विगत २ आ.व. भित्र मन्त्रालय एव मातहतका निकायहरु निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तथा पशुपन्छी सम्वन्धित अन्य आयोजना तथा परियोजना र संघ संस्थाहरुवाट अनुदानमा साना डेरी सम्वन्धि यन्त्र, औजार उपकरण लिएको उपभोक्तालाई कार्यक्रममा समावेश गरिने छैन ।

८. साना डेरी सम्वन्धि यन्त्र, औजार उपकरणहरु भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुवाट स्वयंमले ढुवानी गरि लैजानु पर्नेछ

**नोटः** कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६ , प्रथम संशोधन २०७७ र उपभोक्ताले भर्नुपर्ने आवेदन अनुसुचि- ४ , सम्वन्धित पशुपंक्षि तथा मतस्य विकास निर्देशनालय र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुवाट प्राप्त गर्न सकिने तथा यस मन्त्रालयको वेवसाईट**www.molmac.sudurpashchim.gov.np**थप वाट डाउनलोड गर्न सकिने छ ।साथै थप जानकारीका लागि यस मन्त्रालयको फोन नं.०९१ ४१७४१० मा सम्पर्क राख्नु हुन अनरोध गरिन्छ ।

गोकुल प्रसाद बोहरा

वरिष्ठ कृषि प्रसार अधिकृत